भारतीय राजदूतावास
काठमांडू, नेपाल
Embassy of India
Kathmandu, Nepal

# समाचारपत्र – अक्टोबर २०२४

## भेटवार्ता र भ्रमण



### भारतीय सेनाका कर्नल ३ गोर्खा राइफल्सको नेपाल भ्रमण

मेजर जनरल चरणजीत सिंह देवगन, वाइएसएम, कर्नल अफ दी रेजिमेन्ट, ३ गोर्खा राइफल्स, दुई देशबीचको सैन्य सम्बन्धलाई अघि बढाउनका लागि मिति २०८१ आश्विन १४ देखि १९ गते सम्म औपचारिक भ्रमणका लागि नेपाल आउनुभयो ।

थप जानकारी



### भारतबाट एनसीसी क्याडेटहरूको नेपाल भ्रमण

युथ एक्सचेन्ज प्रोग्राम २०२४–२५ को अंशको रुपमा मिति २०८१ कत्तिक ५ देखि १३ गते सम्म विंग कमान्डर पी.आर. पोनप्पा र मेजर गुगामलाथी ए. को नेतृत्वमा भारतका विभिन्न राज्यहरूबाट १६ एनसीसी क्याडेटहरूले नेपाल भ्रमण गरे ।

थप जानकारी



### जेनेभामा १४९ औं अन्तर–संसदीय संघ

नेपालका राष्ट्रिय सभाका अध्यक्ष श्री नारायण प्रसाद दाहालले मिति २०८१ आश्विन ३० गते जेनेभामा १४९ औँ अन्तर–संसदीय संघको साइडलाइनमा भारत सरकारको १८ औँ लोकसभाका सभामुख श्री ओम बिरलासँग भेट गर्नुभयो ।

थप जानकारी

October 2024 © Embassy of India, Kathmandu

# पुनर्निर्माण र राहत प्रयास




भारत सरकारले मिति २०८१ आश्विन २३ गते १० वटा प्रिफ्याब्रिकेटेड स्टिल ब्रिज (पुल) का लागि पार्टपुर्जाको पहिलो खेप नेपाल सरकारलाई हस्तान्तरण गर्यो । नेपाल सरकारबाट अनुरोध गरिएका यी पुलले हालै आएको बाढी र पहिरोका कारण अवरुद्ध भएको सडक कनेक्टिभिटीलाई पुन:स्थापना गर्न नेपालको पुन:निर्माण प्रयासमा सहयोग पुग्नेछ । ३८ करोड रुपैयाँभन्दा बढी मूल्यका यी पुल भारत सरकारबाट अनुदानका रूपमा प्रदान गरिएको हो ।

थप जानकारी




नेपालमा हालै आएको बाढी र पहिरोबाट प्रभावित परिवारहरुको सहयोगको लागि भारत सरकारले पनि २५ टनभन्दा बढी मानवीय सहायता उपलब्ध गराएको छ, जसमा अत्यावश्यक सरसफाइका सामग्रीहरु, औषधिहरु, लाइफ ज्याकेटहरु, स्लिपिङ्ग म्याटहरु, खाद्यवस्तुहरु, इन्फ्लेटेबल रबर बोटहरु, मोटरहरु, टारपाउलिनहरु, स्लिपिङ्ग ब्यागहरु, कम्बलहरु, क्लोरिन ट्याब्लेटहरु र बोतलको पानी समावेश छन् ।

थप जानकारी




नेपालमा हालै आएको बाढी÷पहिरोबाट पीडित प्रभावित परिवारलाई सहयोग गर्न भारत सरकार बाहेक नेपाल भारत मैत्री संघ, नेपाल–भारत मानव विकास एवं मैत्री संघ, नेपाल भारत मैत्री युवा संघ, नेपाल भारत सहयोग संघ, नेपाल भारत मिल्लत परिषद् र नेपाल भारत विकास मञ्चले अघि बढी राहत सामग्री हस्तान्तरण गरेका थिए । यी राहत सामग्रीमा खाद्यवस्तुहरु, कम्बलहरु, टारपाउलिनहरु र सरसफाइका सामानलगायत राहत सामग्रीहरु समावेश थिए ।

## विकास साझेदारी



### तनहुँको आँबूखैरेनी गाउँपालिका स्थित आँबूखैरेनी क्याम्पसको क्याम्पस भवनको उद्घाटन

'नेपाल–भारत विकास सहयोग' अन्तर्गत भारत सरकारको आर्थिक सहयोगमा निर्माण भएको तनहुँको आँबूखैरेनी गाउँपालिका स्थित आँबूखैरेनी क्याम्पसको क्याम्पस भवनको मिति २०८१ कत्तिक ८ गते उद्घाटन गरियो ।

थप जानकारी



### स्याङ्जाको गल्याङ नगरपालिकास्थित गल्याङ नगर अस्पतालको अस्पताल भवनको उद्घाटन

भारत सरकारको आर्थिक सहयोगमा निर्माण भएको स्याङ्जाको गल्याङ नगरपालिकामा रहेको गल्याङ नगर अस्पतालको अस्पताल भवन मिति २०८१ कत्तिक ९ गते उद्घाटन गरियो ।

थप जानकारी

## वाणिज्य तथा अर्थतन्त्र




### त्रिपक्षीय विद्युत बिक्री सम्झौता

एनटीपीसी विद्युत व्यापार निगम लिमिटेड, भारत; नेपाल विद्युत प्राधिकरण , नेपाल; बंगलादेश पावर विकास बोर्ड, बंगलादेशबिच मिति २०८१ आश्विन १७ गते काठमाडौंमा त्रिपक्षीय विद्युत बिक्री सम्झौतामा हस्ताक्षर भयो । यस सम्झौता सँगै नेपालबाट भारतीय ग्रिडमार्फत बंगलादेशमा ४० मेगावाट विद्युत निर्यात गर्ने बाटो खुलेको छ ।

थप जानकारी




## भारत–नेपाल ऊर्जा साझेदारी : बी टु बी फ्रेमवर्क सम्झौता

भारत–नेपाल ऊर्जा साझेदारीमा हासिल सफलतालाई ध्यानमा राख्दै, इन्डियन आयल कर्पोरेशन लिमिटेडले नेपाल आयल निगमसँग मिति २०८१ आश्विन १७ गते बी टु बी फ्रेमवर्क सम्झौतामा हस्ताक्षर गर्यो ।

थप जानकारी




## अन्तर्राष्ट्रिय दूरसंचार संघ – भारत मोबाइल कांग्रेस र विश्व दूरसंचार मानकीकरण सभा

आइटियू डब्लुटियसए २०२४, विश्वव्यापी दूरसञ्चार मापदण्डहरूका लागि एउटा ऐतिहासिक कार्यक्रम, मिति २०८१ आश्विन २८ देखि कत्तिक ८ गते सम्म नयाँ दिल्लीमा आयोजना गरिएको थियो । १९२ भन्दा बढी देशहरूका ३००० भन्दा बढी विश्वव्यापी प्रतिनिधिहरूले प्रविधि र डिजिटल रूपान्तरणको भविष्यमा सहभागिता जनाएका थिए ।

थप जानकारी

# संस्कृति




## दशैं, तिहार र छठ महोत्सव

दशैं, तिहार र छठको अवसरमा भारतीय दूतावास काठमाडौंले मिति २०८१ कत्तिक १ गते भारत र नेपालको साझा सांस्कृतिक सम्पदा मनायो । साँझमा नेपाली ब्यान्ड सुर सप्तक र कान्ता दाब डबले सांस्कृतिक प्रस्तुति गरेका थिए, जसमा जातीय, लोक, फ्युजन र समसामयिक संगीत प्रस्तुत गरिएको थियो जसले दर्शकहरूलाई मोहित बनाएको थियो ।

थप जानकारी



## १५५औं गान्धी जयन्ती समारोह

भारतीय राजदूतावास, काठमाडौंले मिति २०८१ आश्विन १६ गते १५५ औं गान्धी जयन्ती मनायो । यस अवसरमा सुर सुधा ब्यान्डकी सुश्री सरस्वती खत्रीले महात्मा गान्धीलाई समर्पित भजन र संगीत रचनाहरू प्रस्तुत गर्नुभयो ।

थप जानकारी




## ९ औं आयुर्वेद दिवस समारोह

भारतीय राजदूतावास, काठमाडौंले आयुर्वेदको समृद्ध सम्पदा र समग्र ज्ञानको सम्मान गर्दै नवौं आयुर्वेद दिवस दूतावास परिसरमा मनायो ।

थप जानकारी




## शास्त्रीय भाषाको रूपमा पाली

भारतीय राजदूतावास, काठमाडौंले लुम्बिनी बौद्ध विश्वविद्यालय र लुम्बिनी विकास कोषसँगको सहकार्यमा मिति २०८१ कत्तिक १२ गते "पाली एक शास्त्रीय भाषा" शीर्षकमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्यो ।

थप जानकारी

# अविश्वसनीय भारत



## जादुंग – उत्तराखण्डको लुकेको खजाना

भव्य हिउँले ढाकिएको चुचुराहरू र बबलिङ बुरक्सहरूद्वारा फ्रेम गरिएको उत्तरकाशी जिल्लाको ३८०० मिटरमा अवस्थित यस मनमोहक सीमावर्ती गाउँमा भव्य भूदृश्य र ग्रामिण आकर्षण रहेको छ ।

थप जानकारी




## प्यालेस अन व्हिल्स

भारतको विविध भूदृश्य मार्फत शाही जीवनशैली, न्यानो आतिथ्य, पूर्ण आराम, र एक प्राकृतिक यात्रा । कुदिरहेको रेलमा यी सबै र अन्य धेरै अनुभव गर्नुहोस् ।

थप जानकारी



## विष्णुपुरको अद्वितीय टेराकोटा मन्दिरहरू

विष्णुपुरको अद्वितीय टेराकोटा मन्दिरहरूको भव्य वास्तुकलाको अनुभव लिनुहोस् । भव्य टेराकोटा मन्दिरहरूको अलावा, विष्णुपुर रेशम उद्योग र बालुचारी साडीहरूको लागि पनि प्रख्यात छ ।

थप जानकारी

भारतीय राजदूतावास
काठमांडू, नेपाल
Embassy of India
Kathmandu, Nepal

# चाँडै आउँदैछ...

## भारत को जानिए (बिकेजे) क्विजको पाँचौं संस्करण




मिति २०८१ कत्तिक २६ देखि मङ्सिर २५ सम्म भारत को जानिए (भारत जान्नुहोस्) क्विजको पाँचौं संस्करण ।

भारत को जानिए क्विजमा सहभागी भई चुनौती स्वीकार्नुहोस् ! http://bkjquiz.com को भिजिट गर्नुहोस् वा क्युआर कोड स्क्यान गर्नुहोस् र भारत घुम्ने मौका जित्नुहोस् !

थप जानकारी

पाठकहरूले पनि उपलब्ध गराइएको लिङ्क प्रयोग गरेर वा क्युआर कोड स्क्यान गरेर आफ्नो सम्पर्क नम्बर र ठेगाना अद्यावधिक गर्न सक्नुहुनेछ: *https://forms.gle/hgSDfkAGqxXrwDJx8*

सम्पर्क गर्नुहोस्

@IndiainNepal

**October 2024 © Embassy of India, Kathmandu**